annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३२०, पृष्ठ ८ | काठमाडौं, शनिबार ७ चैत २०८२ | चैत्र शुक्लपक्ष प्रतिपदा, नेपाल संवत् ११४६ | SATURDAY, MARCH 21, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

## हारेपछि 'आफ्नै बैरी'

निर्वाचनको सुनामीले पुराना दल बढारिए । जनताको 'दण्ड'बाट पाठ सिक्नुको सट्टा चुनावमा एकले अर्कोलाई अन्तर्घात गरेको भन्दै नेता-नेताबीच वाक्‌युद्ध सुरु भएको छ । सुध्रिनेभन्दा कमजोरी लुकाउने प्रवृत्तिले फेरि पनि पुराना दल झन् कमजोर बन्ने निश्चित छ ।

**जे पाण्डे** | *काठमाडौं*

विस्तृत पृष्ठ २



**भित्री पृष्ठ**



विश्व-क्यानभासमा सांस्कृतिक इन्द्रेणी - पृष्ठ ३



सुरेशकिरणसँग अन्तिम संवाद - पृष्ठ ४



कहाँ छ मुक्तिको मार्ग ? - पृष्ठ ५



हेलम्बुमा फल्न थाल्यो जिरा - पृष्ठ ७

## '२७ मिटर हिउँ हरायो'

**नितु घले** | *काठमाडौं*



अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ईसीमोड)ले सन् २००० पछि हिन्दुकुश हिमालय क्षेत्रमा हिउँ पग्लिने दर दोब्बर भएको जनाएको छ। त्यसैगरी, सन् १९७५ देखि हालसम्म करिब २७ मिटर बरफ हिमनदीहरूले गुमाएको ईसीमोडको अध्ययनले देखाएको छ। साना हिमनदीहरू अझै तीव्र गतिमा खुम्चिएको पनि बताएको छ।

२१ मार्चमा 'विश्व हिमनदी दिवस'का अवसरमा सार्वजनिक गरेको 'चेन्जिङ डाइनामिक अफ ग्लेसियर इन द हिन्दुकुश हिमालय रिजन फ्रम १९९० टु २०२०' र 'हिन्दुकुश हिमालय ग्लेसियर आउटलुक २०२६' दुईवटा महत्त्वपूर्ण रिपोर्ट सार्वजनिक गर्दै यस्तो बताएको हो। यी प्रतिवेदनहरूले हिमताल विस्फोटन तथा पानीको अभावको जोखिम बढाउने पनि औँल्याएका छन्।

ईसीमोडमा कार्यरत वरिष्ठ क्रायस्फायर विषेशज्ञ मोहम्मद फारुक आजमले हिन्दुकुश हिमालय क्षेत्रमा सन् १९७५ पछि मात्रै २७ मिटर हिउँ नास भएको उल्लेख गरेका छन्। 'हिमालका ठूला हिस्सा कालो धब्बा देखिएका छन्। अझै पनि हिमालयका धेरै भाग अनुगमनको पहुँचभित्र छैनन्।' आजमले भनेका छन्, 'हाल पर्वतीय प्रणालीमा देखिएका नतिजालाई जोखिमका प्रारम्भिक चेतावनीको सूचक मान्न सकिन्छ।' आजम भन्छन्, 'हिमालमा देखिएका शीघ्र परीवर्तनका जोखिम र यसका प्रभावहरू पत्ता लगाउन अनुसन्धान र अनुगमनलाई अझै विस्तार गरेर मापन गरिनुपर्छ।

नेपालमा विभिन्न हिमाली क्षेत्रमा अवस्थित पोक्याल्ड, मेरा, रिका साम्बा, पश्चिम चांग्री नुप, यालालगायत हिमनदीमा १० वर्ष लगाएर गरिएको अध्ययनले सन् २००० देखि हिउँ पग्लिने दर दोब्बरले भइरहेको देखाएको पनि उल्लेख छ। मेरा र रिका हिमनदीमा मोनिटरिङका काम निरन्तर भइरहेका छन्।

हिमालमा हिउँ हराउँदै जाने समस्याले जलप्रवाहमा अनिश्चितता हुने, हिमनदीजन्य विपद्का अनेकौं खतरा देखिने आजम बताउँछन्। जसलाई सम्बोधन गर्न दीर्घकालीन जलवायु प्रभाव मूल्याकन हुनुपर्ने, यस क्षेत्रमा रहेको कमजोर बुझाइले अझ क्षति पुग्न सक्ने भएकाले अनुकूलनका कामहरूमा जोड दिनुपर्ने सुझाव दिएका छन्।

आगामी दिनका लागि विपद्जन्य मूल्यांकन सुधार गरेर जलविज्ञानसम्बन्धी उचित खालका आँकलन आवश्यक रहेको पनि जनाएका छन्।

ईसीमोडका रिमोट सेन्सिङ विश्लेषक तथा हिन्दुकुश हिमालय ग्लेसियर आउटलुक २०२६ का अध्येता सुदनविक्रम महर्जनले लाङटाङमा रहेको याला हिमनदीको ६६ प्रतिशत (७८४) मिटर हिस्सा हराएको बताएका छन्। महर्जन भन्छन्, 'हिन्दुकुश हिमालयबाट प्रवाह हुने पानीको स्रोतबाट २४० मिलियन मानिसको जनजीवन सिञ्चित छ।

» बाँकी पृष्ठ ६

## काठमाडौंलगायत देशैभरि वर्षा

**काठमाडौं** (अन्नपूर्ण) : उपत्यकामा सबैभन्दा धेरै वर्षा बबरमहलमा भएको छ। शुक्रबार ६ बजेको तथ्यांकअनुसार बबरमहलमा ३९.२ मिलिमिटर वर्षा भएको हो। उपत्यकाका अन्य ठाउँभन्दा बबरमहलमा धेरै वर्षा भएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। कीर्तिपुरमा ३५.६, कपनमा २१.४, नैकापमा १३.४ मिलिलिटर वर्षा भएको छ। तर, भक्तपुरमा र ललितपुरमा आंशिक मात्रै वर्षा भएको छ।

पूर्वानुमान महाशाखाका मौसमविद् हरिप्रसाद दाहालले वर्षा पूर्वानुमान गरिएअनुसार नै भइरहेको र आइतबारदेखि मात्रै मौसममा सुधार हुँदै जाने बताए। शनिबार पनि पानी पर्ने देखिएको छ।

उनका अनुसार एक घण्टाको अवधिमा सबैभन्दा धेरै मकवानपुरगढीमा ४६ मिमि वर्षा भएको छ। सातै प्रदेशका विभिन्न जिल्लाहरूमा मेघगर्जन, चट्याङ, असिनासहित पानी परिरहेको उनले जनाए। हालसम्म भारी वर्षा भएको छैन। २४ घण्टामा ५० मिमिभन्दा धेरै वर्षा भएमा भारी वर्षा भनिन्छ। तर, हालसम्म मध्यम खालको वर्षा भइरहेको महाशाखाले जनाएको छ ।

## कांग्रेस हार्नुका कारण : अल्गोरिदमको प्रभाव र लोकप्रियतावाद

### गगनको राजीनामा अस्वीकृत

**राधा खनाल** | *काठमाडौं*



पार्टी सभापति गगन थापाले दिएको राजीनामा अस्वीकृत गर्दै कांग्रेसले लोकप्रियतावाद र अल्गोरिदमको कब्जामा मतदाता पर्दा चुनावमा पार्टीको नराम्रो हार भएको निष्कर्ष निकालेको छ। केन्द्रीय समितिको शुक्रबारको बैठकले पार्टी सभापति थापाको राजीनामा अस्वीकृत गरेको हो। सँगसँगै, पार्टी उपसभापति विश्वप्रकाश शर्माले चुनावमा भएको हारबारे २७ बुँदे प्रारम्भिक समीक्षा प्रतिवेदन पेस गरेका थिए। आफू र पार्टीले चुनावमा भोगेको हारको जिम्मा लिँदै सभापति थापाले केही दिनअघि पदबाट राजीनामा दिएका थिए। 'लोकप्रियतावाद' र अल्गोरिदमको कब्जामा मतदाता पर्दा चुनावमा हार भएको भन्दै बैठकमा अधिकांश केन्द्रीय नेताहरूले सभापतिको राजीनामा अस्वीकार हुनुपर्ने तर्क गरेका थिए। उनीहरूले अहिलेको समयमा नेतृत्वबाट सभापति थापा भाग्न नमिल्ने तर्क गरेका थिए।

पार्टी उपसभापति शर्माले विशेष महाधिवेशनबाट चयन भएको थापा नेतृत्वको कार्यसमितिबाट चुनावमा 'दिग्विजयको परिणाम' खोज्न नमिल्ने २७ बुँदे समीक्षा प्रस्तावमा उल्लेख गरेका छन्। 'त्यसका बाबजुद नैतिक जिम्मेवारी अनुभूत गर्ने सभापतिको भावनालाई उच्च कदर गर्दै यो बैठक स्थिति सम्हाल्ने गहन दायित्व, सबैभन्दा प्रधान नैतिक दायित्व ठहर गर्दै सभापति गगन थापाले आफ्नो पदबाट दिनुभएको राजीनामा अस्वीकृत गर्ने निर्णय गर्दछ,' उपसभापति शर्माको प्रस्ताव थियो। 'हनिमुन पिरियड' अर्थात्

> आफू पटक-पटक उम्मेदवार बनेको क्षेत्रमा एकपटक अर्को साथी उम्मेदवार बन्दा विजयका लागि सघाउनु सामान्य नैतिक दायित्व थियो । तर, कतिपयले मौन बसेर 'साइलेन्स किलिङ'को भूमिका निभाउनुभयो, कतिपयले तदर्थता अनि कतिपयले 'स्याबोटेज'को कर्ममा सक्रियता राख्नुभयो ।
>
> **उपसभापति विश्वप्रकाश शर्मा**

१ सय दिन पनि नपुग्दै चुनावको मुखमा विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमितिबाट परिणाम खोज्नु तर्कसंगत नहुने शर्माको तर्क थियो। 'विशेष महाधिवेशनबाट पार्टीको नयाँ नेतृत्व आएको ५० दिनको छोटो अवधिमा कसैले पनि दिग्विजयको परिणाम खोज्नु युक्तिसंगत र व्यक्तिप्रति न्याय हुन्न अनि प्रतिकूलता चिरेर पार्टीलाई अनुकूलतामा पुर्‍याउने कमान्ड छोडेर सभापतिले पदत्याग गर्नु संगठनप्रति न्याय हुन्न।' उपसभापति शर्माले कांग्रेस निर्वाचनमा पहिलो दलका रूपमा विजयी बन्न नसके पनि कांग्रेसले अपनाएको मूल नीतिको जित भएको तर्क गरेका छन्। 'पराजय हुँदा पनि देशभर पार्टी पंक्ति हल्लिएको छैन,' शर्माले प्रतिवेदनमा भनेका छन्, 'दृढ ढंगले अघि बढेर नयाँ परिस्थितिको विकास गर्न सकिन्छ भन्ने ऊर्जा आमपार्टी सदस्यमा देखिएको छ। यो अत्यन्तै सकारात्मक छ। विशेष महाधिवेशनमार्फत परिवर्तनको सन्देश लिएर नगएको भए, चुनावमा ऊर्जाका साथ खट्न सकिने थिएन र यसभन्दा खराब अवस्था आउने थियो।'

कांग्रेस प्रवक्ता देवराज चालिसेले केन्द्रीय समिति बैठकमा सभापति थापाले दिएको राजीनामा अस्वीकार गर्ने पक्षमा अधिकांश नेताहरूले धारणा राखेको बताए। 'पार्टी सभापतिको राजीनामा पार्टी बैठकमा विधिवत् रूपमा आएको छ। त्यसमाथि साथीहरूले धारणा राख्ने क्रम चलिरहेको छ। उहाँले नैतिकताको कुरा उठाए पनि यो परिस्थिति सम्हालिने, जिम्मेवारी लिने र पार्टी पुनर्निर्माण गर्ने हो भनेर बहुसंख्यक साथीहरूले राजीनामा अस्वीकृत गर्नुपर्छ भन्नुभयो,' चालिसेले भने।

» बाँकी पृष्ठ ६